**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**
( नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त राष्ट्रियस्तरको विकास बैंक )

प.सं. ०७५/७६/५१७

मिति : २०७६/०२/२२

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड,

सिहदरबारप्लाजा, काठमाडौं ।

विषय : साधारणसभा बस्ने जानकारी सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७६/०२/२२ गते समय अपरान्ह ५:०० बजे सम्पन्न सञ्चालक समितिको २७१ औं बैठकले निर्णय गरे बमोजिम यस बैंकको बाह्रौं वार्षिक साधारणसभा मिति २०७६/०३/१४ गते शनिबारका दिन अमृतभोग, कालिकास्थान, डिल्लीबजार, काठमाडौंमा बिहान ११:०० बजे बस्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध छ । साथै, मिति २०७६/०२/३१ देखि मिति २०७६/०३/१४ सम्म बैंकको शेयर दाखिल खारेजको कार्य बन्द गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

यस बैंकको सञ्चालक समितिबाट आ.व. २०७४/०७५ को नाफा/नोक्सान बाँडफाँड हिसाब तथा अन्य वितरण योग्य कोषहरुबाट आफ्ना शेयरधनीहरुलाई चुक्तापूँजी रु. २,५०,२६,५५,५१९।२३ को १.५० प्रतिशतका दरले हुन आउने रकम रु. ३,७५,३९,८३२।७९ बोनस शेयर तथा ८ प्रतिशतका दरले हुन आउने रकम रु. २०,०२,१२,४४१।५४ बराबरको नगद लाभांश समेत गरि कूल ९.५० प्रतिशतले लाभांश वितरण गर्ने प्रस्ताव नेपाल राष्ट्र बैंकबाट सहमति प्राप्त भएकोले उक्त प्रस्तावलाई पारित गर्नको लागि आगामी साधारणसभामा लाने निर्णय गरिएको छ ।

भवदीय,

हरि प्रसाद लम्साल
कम्पनी सचिव

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

बोधार्थ,

१) श्री नेपाल धितोपत्र बोर्ड, जावलाखेल, ललितपुर
२) श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
३) श्री सि.डि.एस एण्ड क्लियरिङ्ग लि., शेयर मार्केट कम्लेक्स्, काठमाडौं ।
४) श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

# बाह्रौं वार्षिक साधारणसभा सम्बन्धी सूचना

कामना सेवा विकास बैंकको मिति २०७६/०२/२२ गते बसेको सञ्चालक समितिको २७१ औं बैठकको निर्णय अनुसार यस विकास बैंकको बाह्रौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। उक्त मिति, समय र स्थानमा शेयरधनी महानुभावहरुलाई आफू स्वयम वा रीतपूर्वकको प्रतिनिधि मार्फत उपस्थितिको लागि अनुरोध गरिन्छ।

**सभा बस्ने मिति, समय र स्थान**

मितिः २०७६ असार १४ गते शनिबार, (तद्‌नुसार २९ जुन २०१९)

समयः विहान ११:०० बजे

स्थानः अमृतभोग,कालिका स्थान, डिल्लीबजार ,काठमाडौं

**छलफलका विषयहरु :**

**क. सामान्य प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व. ०७४/७५ को वार्षिक प्रतिवेदनको प्रस्तुति उपर छलफल गरी पारित गर्ने।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको साविक सेवा विकास बैंक लिमिटेडको २०७४ श्रावण १९ गते सम्मको र कामना सेवा विकास बैंक लिमिटेडको आर्थिक वर्ष ०७४।७५ असार मसान्तको वासलात, सो अवधिको नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.ब. ०७४।७५ को मुनाफाबाट शेयरधनीहरुलाई हाल कायम चुक्ता पूँजी रु. २,५०,२६,५५,५१९.२३ को ८ प्रतिशतका दरले हुन आउने रकम रु. २००,२१२,४४१.५४ नगद लाभाँश वितरण गर्ने प्रस्ताव पारित गर्ने।

४. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने।

**ख. विशेष प्रस्तावहरुः**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पूँजी रु. २,५०,२६,५५,५१९.२३ को १.५ प्रतिशतले हुने रकम रु. ३,७५,३९,८३२.७९ बराबरको बोनस शेयर जारी गर्ने सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने। साथै, बोनस शेयर जारी गर्दा दशमलव पछिको शेयर (Fraction Share) अंकलाई पछि समायोजन गर्ने गरी यथावत राख्ने।

२. विशेष प्रस्ताव नं. १ पारित भए अनुसार हुनेगरी जारी तथा चुक्ता पूँजी वृद्धि गर्न विकास बैंकको प्रबन्धपत्रमा आवश्यक संशोधन गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

३. कामना विकास बैंक र सेवा विकास बैंक एक आपसमा मर्ज भई एकीकृत कारोबार गर्दाको दिन भन्दा अघिल्लो दिन मिति २०७४।०४।१९ गतेसम्ममा कायम शेयरधनीहरुले प्राप्त गर्ने बोनस शेयर तथा नगद लाभाँशमा कर नलाग्ने भएकोले निजहरुलाई बोनस शेयर तथा नगद लाभाँशको प्रस्तावित रकम नै वितरण गर्ने र सो मिति भन्दा पछाडी शेयर खरिद गरी बोनस शेयर तथा नगद लाभाँश प्राप्त गर्ने शेयरधनीहरुको बोनश शेयर तथा नगद लाभाँशमा लाग्ने कर बापतको रकम निजहरुले प्राप्त गर्ने नगद लाभाँशबाट कट्टा गरी वितरण गर्ने सम्बन्धी प्रस्ताव पारित गर्ने।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

४. यस कामना सेवा विकास बैंक लिमिटेड र इजाजतपत्र प्राप्त अन्य उपयुक्त बैंक तथा वित्तीय संस्थाहरु एकापसमा प्राप्ति र गाभ्ने वा गाभिने (Merger/Acquisition) प्रयोजनका लागि उपयुक्त बैंक तथा वित्तीय संस्थाको पहिचान गर्ने, उपयुक्त देखिएमा सो सम्बन्धी समझदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने तथा सोको आधारमा सैद्धान्तिक स्वीकृतिका लागि नेपाल राष्ट्र बैंकमा निवेदन दिने, सम्पत्ति तथा दायित्व मूल्याङ्कन (DDA) सम्बन्धी कार्य गर्ने, सोको लागि लेखापरीक्षक नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने लगायतका आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी दिने ।

५. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा कम्पनी ऐन, २०६३ अनुसार विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उद्देश्य तथा कार्यहरु थप गर्नुका साथै आवश्यक संशोधन/परिमार्जन तथा थप गर्ने ।

६. सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधा वृद्धि गर्न आवश्यक भए बमोजिम बैंकको नियमावलीमा संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

७. बैंकको प्रबन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै थपघट, परिमार्जन वा संशोधनको निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिने सम्बन्धी प्रस्ताव पारित गर्ने ।

**ग. विविध :**

**साधारणसभा सम्बन्धी थप जानकारी**

१. यस विकास बैंकको १२ औं वार्षिक साधारणसभा प्रयोजनको लागि बैंकको शेयर दाखिल खारेजको काम मिति २०७६।०२।३१ गतेदेखि मिति २०७६।०३।१४ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०७६।०२।३० गते सम्म कारोबार भई प्रचलित नियम अनुसार ७ कार्य दिन (मिति २०७६।०३।०५गते) भित्र विकास बैंकको शेयर रजिष्ट्रार एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, नक्साल, काठमाडौंमा प्राप्त शेयरहरु मात्र उक्त साधारणसभामा भाग लिन, मतदान गर्न र बोनस शेयर तथा नगद लाभाँश प्रयोजनको लागि योग्य हुनेछन् ।

२. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको सम्बन्धित ठेगानामा हिसाव सहितको वार्षिक प्रतिवेदन पुस्तिका पठाईनेछ । वार्षिक साधारणसभामा भाग लिन शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा डि-म्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने आधिकारिक प्रमाणपत्र (जस्तै नागरिकता वा विकास बैंकले जारी गरेको प्रवेशपत्र वा अन्य कुनै परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ ।

३. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन विहान **१०.०० बजे** देखिनै खुल्ला गरिनेछ । सभामा उपस्थित हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा स्थलमा उपस्थिति भई तहां रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ ।

४. नावालक वा होस ठेगानमा नरहेको शेयरधनीको तर्फबाट संरक्षकले सभामा भाग लिन, छलफल गर्न र प्रतिनिधि नियुक्त गर्न समेत सक्नेछन् । शेयरवालाको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ । संयुक्त रुपमा शेयर खरिद गर्ने शेयरधनीको हकमा शेयर लगतमा जसको नाम पहिला उल्लेख गरिएको छ, सो व्यक्ति वा संयुक्त शेयरधनीको सर्वसहमतिबाट आफूहरुमध्ये नियुक्त व्यक्तिले मात्र सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्त गर्न र मतदान गर्न सक्नुहुनेछ ।

५. साधारणसभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी ऐनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै बैंकको केन्द्रीय कार्यालय, काठमाडौं ३०, ज्ञानेश्वरमा कार्यालय समयमा दर्ता गरी सक्नु पर्नेछ । बैंकको शेयरधनी बाहेक अन्य व्यक्तिलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी बदर हुनेछ ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

तर, प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले आफुले अगाडि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको स्पष्ट उल्लेख गरी निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधिले सभामा भाग लिन र मतदान गर्न पाउनेछन् यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वत: बदर भएको मानिनेछ ।

६. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसक्नु भएको शेयरधनी आफै सभामा उपस्थित भई तोकिएको समय भित्र हाजिरी किताबमा दस्तखत गरी सभामा भाग लिएमा अगाडि दिइएको प्रोक्सी स्वत: बदर भएको मानिनेछ ।

७. यस बैंकको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले विकास बैंकको कुनै अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्नेछ । त्यसरी प्रतिनिधी (प्रोक्सी) मुकरर नगरिएको अवस्थामा त्यस्तो संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

८. विविध शीर्षक अर्न्तगत शेयरधनी महानुभावले विकास बैंकको सम्बन्धमा तोकिएको प्रस्ताव बाहेक अन्य कुनै विषयमा छलफल, टिप्पणी, राय वा सुझाव राख्न आवश्यक ठानेमा शेयरधनी महानुभावहरुले आफूले प्रस्तुत गर्न चाहेको विषयबारे सभा हुनुभन्दा कम्तीमा ७ (सात) दिन अगावै कार्यालय समयभित्र लिखित रुपमा विकास बैंकको केन्द्रीय कार्यालयमा जानकारी दिनुपर्नेछ । यसरी पूर्व जानकारी नगराएको विषमा सभामा छलफल तथा निर्णय गरिने छैन ।

९. स्वेदश वा विदेशमा रही साधारणसभामा उपस्थित हुन नसक्ने शेयरधनी महानुभावहरुले बैंकको आधिकारिक वेवसाइट www.kamanasewabank.com मा रहेको प्रोक्सी फाराम डाउनलोड गरी हस्ताक्षर गरी प्रोक्सी फाराम बैंकको info@kamanasewabank.com मा पठाउन सक्नुहुनेछ ।

१०. साधारणसभा सम्बन्धी अन्य थप जानकारीका लागि विकास बैंकको केन्द्रीय कार्यालयको टोल फ्री नं. १६६००११३००० र फोन नं. ०१-४४४०१२३ मा सम्पर्क गर्नुहुन वा विकास बैंकको वेवसाइट www.kamanasewabank.com हेर्नुहुन वा काठमाडौं ३०, ज्ञानेश्वर स्थित बैंकको केन्द्रीय कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्नुहुन अनुरोध छ ।

कामना सेवा विकास बैंक लि.
Kamana Sewa Bikas Bank Ltd.

सञ्चालक समितिको निर्णयानुसार
कम्पनी सचिव